नाम: आरती विश्वकर्मा

तह: बी.बी.एस दोस्रो वर्ष

ठेगाना: आठविसकोट न.पा-२

प्रतियोगिता: निबन्ध

मिति: २०८२/१२/२८

सूचना प्रविधिको युगमा डिजिटल साक्षरता

कम्प्युटर, इन्टरनेट तथा अन्य माध्यमको प्रयोग गरेर तथ्याङ्क सङ्कलन गर्ने, सङ्कलित तथ्याङ्कलाई प्रशोधन गरी सूचनामा परिवर्तन गर्ने, प्रशोधित सूचनालाई भण्डारण गर्ने र उक्त सूचना प्रयोग कर्तालाई उपलब्ध गराउने माध्यम कार्य नै सूचना प्रविधि हो। आजको विश्वलाई सूचना प्रविधिको युग भनेर चिनिन्छ। विज्ञान र प्रविधिको तिव्र विकाससँगै मानिसको जीवनशैली, काम गर्ने तरिका, अध्ययन प्रणाली र सञ्चारका माध्यमहरूमा ठुलो परिवर्तन आएको छ। सामाजिक सञ्जाल, कम्प्युटर र AI जस्ता प्रविधिहरूले संसारलाई सानो गाउँ जस्तै बनाइदिएको छ। यस्तो अवस्थामा डिजिटल साक्षरता प्रत्येक व्यक्तिको लागि अनिवार्य सीप बनेको छ।

डिजिटल उपकरण र प्रविधि प्रयोग गरी सूचना प्राप्त गर्ने, त्यसलाई विश्लेषण गर्ने, मूल्याङ्कन गर्ने, सिर्जना गर्ने र, सञ्चार गर्ने र सुरक्षित रूपमा प्रयोग गर्ने क्षमतालाई डिजिटल साक्षरता भनिन्छ। प्रो. हिलर स्पाइर्सले डिजिटल साक्षरताका तीन पक्षहरू (डिजिटल सामग्री प्राप्त र उपयोग गर्ने, डिजिटल सामग्री सिर्जना गर्ने र डिजिटल सामग्री सञ्चार र वितरण गर्ने) हुन्छन् भनेका छन् यसमा मोबाइल कम्प्युटर चलाउने ज्ञानमात्र नभई इन्टरनेटको सही प्रयोग गर्ने, अनलाइन प्लेटफर्महरूको प्रयोग, डिजिटल सामग्री निर्माण र साइबर सुरक्षा सम्बन्धी चेतना पनि समावेश हुन्छ। डिजिटल साक्षरता भएका व्यक्तिले प्रविधिको सहि उपयोग गरी आफ्नो जीवनलाई सहज प्रभावकारी र सुरक्षित बनाउन सक्छन्। साथै यसले व्यक्तिलाई आत्मनिर्भर बनाउन र गलत सूचनाबाट बच्न मद्दत गर्छ।

सूचना प्रविधिको युगमा डिजिटल साक्षरता जीवनको अपरिहार्य हिस्सा बनिसकेको छ यसले व्यक्तिको ज्ञान, सीप र क्षमता विकास गरी उसलाई सक्षम बनाउँछ। डिजिटल साक्षरता बिना आजको प्रतिस्पर्धात्मक समाजमा पछि पर्नु निश्चित छ। त्यसैले हरेक व्यक्तिले डिजिटल सीप सिक्न र त्यसलाई व्यवहारमा उतार्न आवश्यक छ। डिजिटल साक्षरताको विकासले मात्र समृद्ध, सुरक्षित र आधुनिक समाज निर्माण गर्न सकिन्छ।

चिठी, पत्र र हुलाकी युगलाई मर्कन्टाइल कम्युनिकेसन कम्पनीले सन् १९९४ (वि.स २०५०/५१) मा नेपालमा इन्टरनेट सेवा उपलब्ध गराएर सूचना आदान प्रदानलाई सहजता प्रदान गरेको थियो भने वर्तमान समयमा ताररहित, उच्च गतिको वाईफाई इन्टरनेट तथा 4G/5G मोबाइल डाटा जस्ता प्रविधिले प्रतिस्थापन गरेका छन्। सन् १९९४ मा इन्टरनेटको सुरुवात हुँदा यो केवल पहुँचको विषय थियो तर आजको युगमा इन्टरनेट हुनु मात्र पर्याप्त छैन। डिजिटल साक्षरताले मानिसलाई इन्टरनेटको प्रयोग गरेर कसरी सही सूचना खोज्ने, अनलाइन फाराम भर्ने र सरकारी सेवाहरू प्राप्त गर्ने भन्ने दक्षता प्रदान गर्दछ।

नेपाल सरकारको आर्थिक सर्वेक्षण २०८१/८२ र तथा नेपाल बहु-सूचक सर्वेक्षण २०८१/८२ का अनुसार नेपालमा डिजिटल साक्षरताको पहुँच अझै पनि आधारभूत स्तरमै रहेको देखिन्छ। विभिन्न अध्ययन र नेपाल राष्ट्र बैंकको प्रतिवेदन अनुसार नेपालमा डिजिटल साक्षरता दर करिब ३१ प्रतिशत रहेको अनुमान छ। करिब ८२ प्रतिशत घरधुरीमा इन्टरनेटको पहुँच पुगेको छ भने आर्थिक सर्वेक्षण २०८१/८२ अनुसार नेपालको इन्टरनेट ग्राहक घनत्व १४४.२३ प्रतिशत रहेको छ साथै करिब ९५.५ प्रतिशत घरधुरीमा टेलिफोनको पहुँच पुगेको छ। करिब ८५.१ प्रतिशत घरधुरीसँग स्मार्टफोन छ तर व्यवसायिक कामका लागि आवश्यक पर्ने कम्प्युटर र ल्यापटपको पहुँच केवल १६.८ प्रतिशतमा मात्र सीमित छ। यसरी हेर्दा,

नेपालमा डिजिटल उपभोक्ताको संख्या उल्लेख्य भएता पनि डिजिटल उत्पादक वा प्राविधिक रूपमा साक्षर जनसंख्या अझै पनि वृद्धि गर्नु पर्ने अवस्था छ।

नेपालको सन्दर्भमा हेर्दा, डिजिटल साक्षरता अझै पनि चुनौतिपूर्ण विषय बनेको छ। शहरी क्षेत्रमा प्रविधिको पहुँच राम्रो भए पनि ग्रामीण क्षेत्रमा अझै पर्याप्त सुविधा पुगेको छैन। धेरै मानिसहरू डिजिटल उपकरण प्रयोग गर्न जान्दैनन्। यसले डिजिटल विभाजन सृजना गरेको छ। त्यसैले सरकारले ग्रामीण क्षेत्रमा इन्टरनेट सेवा विस्तार गर्ने, डिजिटल शिक्षा कार्यक्रम सञ्चालन गर्ने र नागरिकहरूलाई डिजिटल सिप सिकाउने कार्यलाई प्राथमिकता दिन आवश्यक छ।

यसैगरी समय सापेक्ष नागरिकहरूलाई डिजिटल साक्षरता सम्बन्धी पहुँच उपलब्ध गराउँदै ज्ञान, सीप र तालिम प्रदान गर्न नसकेमा वर्तमान समयमा बेरोजगारीको समस्या देखा पर्ने सम्भावना देखिन्छ। किनभने रोजगारी प्रदान गर्ने क्षेत्र तथा निकायहरूले आफ्नो उत्पादन र उत्पादकत्व वृद्धि गर्नका साथै सेवा प्रवाहलाई छिटो छरितो बनाउन, कार्यमा नियमितता, मितव्ययिता, कार्यदक्षता र प्रभावकारीता कायम गर्नको लागि परम्परागत कागजी प्रक्रियाहरू फाइलिङ जस्ता अभिलेख व्यवस्थापन प्रक्रियाहरूलाई पछि पार्दै विभिन्न किसीमका आधुनिक प्रविधि तथा प्रणालीको विकास गरी प्रयोगमा ल्याएका छन्। त्यसैले यो समस्या समाधान गर्न आधुनिक बजारको माग बमोजिमको प्रविधिमैत्री श्रमशक्ति उत्पादन गर्न आवश्यक देखिन्छ।

नेपाल सरकारले वित्तीय तथा प्रशासनिक व्यवस्थापनलाई आधुनिक बनाउन विभिन्न डिजिटल प्रणालीहरु लागु गरिएको छ, जसमा महालेखा नियन्त्रक कार्यालयले सरकारी राजस्व संकलन लाई व्यवस्थित र पारदर्शी बनाउन आर्थिक वर्ष २०७५/७६ देखि RMIS (Revenue management information System) प्रणाली विकास गरी लागु गरेको छ। धरौटी सम्बन्धी कारोबारलाई प्रविधिमैत्री बनाउनको लागि सरकारले आर्थिक वर्ष २०७७/७८ देखि CGAS (Computrize Government Account system) कम्प्युटरमा आधारित सरकारी लेखा प्रणाली नामको सफ्टवेयर लागु गरेको छ। त्यसैगरी खरिद कार्यालयहरुमा प्रयोग गरिने जिन्सी सामाग्रीहरुको अभिलेख देखि प्रतिवेदन सम्मको समग्र विधिलाई छिटो, छरीतो र प्रभावकारी बनाउनका लागि PAMS (public Assets management system) software प्रयोगमा ल्याएको छ। ~~भने सुरुमा सन् वि.स २०२८ मा गरगरो~~ यी प्रणालीहरूलाई प्रभावकारी रुपमा सन्चालन गर्न डिजिटल साक्षरताको महत्वपूर्ण भुमिका रहन्छ।

सबैभन्दा पहिले RMIS, PAMS र CGAS जस्ता प्रणालीहरु सन्चालन गर्न प्राविधिक ज्ञान आवश्यक पर्छ। डिजिटल साक्षरता भएका कर्मचारीले यी प्रणालीहरुमा सजिलै डेटा प्रविष्टि गर्न, आवश्यक विवरण खोज्न र रिपोर्ट तयार गर्न सक्छन्। यदि कर्मचारीहरु डिजिटल रुपमा सक्षम छैनन् भने यस्ता प्रणालीको प्रयोग गर्न कठिन हुन्छ र काममा ढिलाई तथा त्रुटि हुन सक्छ। यसै सन्दर्भमा उदाहरणका लागि: नेपाल बैंक लिमिटेडमा र अन्य बैंकहरुमा भर्खरै नियुक्ति भएका नयाँ कर्मचारीहरुमा डिजिटल साक्षरता सम्बन्धी पूर्ण ज्ञान नहुँदा कार्यमा ढिलाई देखिन्छ। त्यसैले डिजिटल साक्षरता र यस्ता प्रणालीहरुबीच प्रत्यक्ष सम्बन्ध रहेको छ।

अर्कोतर्फ, डिजिटल साक्षरताले पारदर्शिता र जवाफदेहिता बढाउन मद्दत गर्दछ। RMIS मार्फत राजस्व संकलनको विवरण, CGAS मार्फत सरकारी खर्चको लेखा र PAMS मार्फत सरकारी सम्पत्ति अभिलेख डिजिटल रूपमा सुरक्षित र व्यवस्थित राखिन्छ। डिजिटल साक्षरता भएको जनशक्तिले यी विवरणहरू सही तरिकाले अद्यावधिक गर्न सक्छ, जसले गर्दा भ्रष्टाचार नियन्त्रण गर्न र सही सूचना उपलब्ध गराउन सहयोग पुग्छ। यसले सुशासन कायम गर्न पनि महत्वपूर्ण योगदान पुऱ्याउँछ। साथै डिजिटल साक्षरताले सरकारको विद्युतीय सुशासन जनताको हातहातमा सरकार, प्रविधिमा आधारित शासन र कागविहिन (cash-less, face-less and paper-less) सरकार तर्फको यात्रालाई सहयोग प्रदान गर्न योगदान पुऱ्याउँछ।

डिजिटल साक्षरता र यी प्रणालीहरूको समुचित प्रयोगले ई-शासनको विकासमा ठुलो योगदान पुऱ्याउँछ। कागजी प्रक्रियाभन्दा बाहिर डिजिटल माध्यमबाट काम गर्दा सेवा छिटो, पारदर्शी र प्रभावकारी हुन्छ। यसले नागरिकलाई सहज सेवा प्रदान गर्न सहयोग गर्दछ। र सरकारलाई आधुनिक तथा प्रविधिमैत्री बनाउँछ।

यसरी सरकार विद्युतीय शासन तर्फ गइरहँदा आफ्ना अधिकार प्राप्त गर्न पनि डिजिटल साक्षरता आवश्यक पर्दछ। किनभने वर्तमान संविधानको भाग ३ को धारा २७ र सूचनाको हक सम्बन्धी ऐन २०६४ को परिच्छेद १ अन्तर्गत दफा २(ङ) अनुसार मा प्रत्येक व्यक्तिको आफ्नो र सार्वजनिक निकायमा रहेको सार्वजनिक महत्वको सूचना माग्ने र पाउने अधिकार दिएको छ यसको प्रयोग गर्न तथा पाउनको लागि सूचना प्रविधिको युगमा डिजिटल साक्षरता अनिवार्य देखिन्छ। सूचना मागेर पाउने मात्र भएर हुँदैन यसको सुरक्षित र प्रभावकारी सदुपयोग गर्न डिजिटल साक्षरताले दक्षता प्रदान गर्दछ।

सूचना प्रविधिको वर्तमान युगमा डिजिटल साक्षरता केवल एउटा अतिरिक्त सीप मात्र नभएर यो जीवनयापनको आधारभुत आवश्यकता बनिसकेको छ। इन्टरनेट र प्रविधिको विस्तारसँगै हरेक क्षेत्र डिजिटल बन्दै गएकाले यसको आवश्यकता निम्न कारणहरूले महत्वपूर्ण छ।

दैनिक सेवा र सुविधाहरू उपभोग गर्न आजभोलि बैंकिङ कारोबार, महसुल भुक्तानी, टिकट बुकिङ र सरकारी सेवाहरू अनलाइन माध्यमबाटै हुन्छन् यी सुविधाहरूको लाभ लिन र लाइन बस्ने झन्झटबाट मुक्त हुन डिजिटल साक्षरता अनिवार्य छ।

शिक्षा र सिकाइका अवसरहरू: डिजिटल साक्षरताले विद्यार्थी र शिक्षकहरूलाई विश्वभरका शैक्षिक सामाग्रीहरूमा पहुँच प्रदान गर्दछ। विभिन्न किसीमका प्रविधि र डिजिटल पुस्तकालयका माध्यमबाट घरमै बसेर नयाँ सीप सिक्न र ज्ञान हासिल गर्न सकिन्छ। यसले परम्परागत शिक्षाको दायरालाई फराकिलो बनाउँछ।

रोजगारी र व्यवसायिक दक्षता: आधुनिक कार्यस्थलहरूमा कम्प्युटर र इन्टरनेटको सामान्य ज्ञान नभई जागिर पाउन मुस्किल छ। डिजिटल साक्षरताले उत्पादकत्व बढाउन, इमेल मार्फत सञ्चार गर्न र व्यवसायलाई अनलाइन मार्केटिङ मार्फत विस्तार गर्न मद्दत गर्दछ। यसले घरमै बसेर रोजगारीका ढोकाहरू पनि खोल्दछ।

अनलाइन सुरक्षा र गोपनीयता: इन्टरनेटको प्रयोगसँगै साइबर अपराध, अनलाइन ठगी र डाटा चोरीका घटनाहरू पनि बढिरहेका छन्। डिजिटल रूपमा साक्षर बाक्तिले

आफ्नो पासवर्ड सुरक्षित राख्न, संशयास्पद लिङ्कहरू चिन्न र साइबर बुलिङबाट बच्न जान्दछ। प्रविधिको सुरक्षित प्रयोगका लागि यो ज्ञान अति आवश्यक छ।

सूचनाको सत्यता परीक्षण: इन्टरनेटमा सही सूचनाका साथै भ्रामक र गलत समाचारको बाढी नै आउने गर्छ। डिजिटल साक्षरताले मानिसहरूमा आलोचनात्मक सोचको विकास गर्छ। जसले गर्दा उनीहरूले प्राप्त गरेको सूचना कत्तिको आधिकारिक हो भनी छुट्याउन सक्छन्।

सामाजिक र विश्वव्यापी सम्बन्ध: आजको युगमा टाढा रहेका आफन्त र साथीभाइसँग डिजिटल माध्यमबाट सम्पर्क गर्न सबैभन्दा प्रभावकारी छन्। डिजिटल साक्षरताले मानिसलाई सामाजिक रूपमा एक्लो हुनबाट जोगाउँछ र विश्वव्यापी समुदायसँग जोड्छ।

आर्थिक समावेशीकरण र सशक्तिकरण: डिजिटल साक्षरताले मानिसहरूलाई औपचारिक अर्थव्यवस्थामा जोड्न मद्दत गर्छ। जब व्यक्तिले डिजिटल वालेट वा मोबाइल चलाउन सिक्छन् उनीहरूले बचत गर्ने, ऋण लिने र लगानी गर्ने प्रक्रियामा सहजै सहभागी हुन सक्छन्। यसले विशेषगरी ग्रामीण क्षेत्रका महिला र पिछडिएका समुदायलाई आर्थिक रूपमा आत्मनिर्भर बनाउन सहयोग पुऱ्याउँछ।

स्वास्थ्य सेवामा सहजता: अहिले धेरै अस्पतालहरूमा अनलाइन टिकट लिने व्यवस्था छ। साथै टेलि मेडिसीन मार्फत घरमै बसेर विशेषज्ञ डाक्टरसँग परामर्श लिन सकिन्छ। डिजिटल साक्षरता भएका व्यक्तिले इन्टरनेटको प्रयोग गरेर रोगको लक्षण, सावधानी र औषधीबारे आधारभूत

जानकारी लिन सक्छन् । जसले स्वास्थ्य सचेतना बढाउँछ।

लोकतन्त्र र नागरिक सहभागिता: आजको युगमा सरकारले आफ्ना नीति र कार्यक्रमहरू सामाजिक सञ्जाल र वेबसाइटमार्फत सार्वजनिक गर्छ। डिजिटल साक्षर नागरिकले सरकारी कामकारबाहीको निगरानी गर्न, आफ्नो गुनासाहरू अनलाइन पोर्टल मार्फत दर्ता गर्न र नीति निर्माणमा आफ्नो मत राख्न सक्छ। यसले लोकतन्त्रलाई थप पारदर्शी र बलियो बनाउँछ।

वातावरण संरक्षणमा टेवा: डिजिटल साक्षरताले कागजरहित कार्यप्रणालीलाई बढावा दिन्छ। अनलाइन फारम, इमेल र डिजिटल डकुमेन्टको प्रयोगले कागजको खपत कम गर्छ, जस्ले गर्दा रुख काटिने क्रम घट्छ र वातावरणीय संरक्षणमा मद्दत पुग्छ।

समय र लागतको बचत: प्राविधिक ज्ञान हुँदा सामान्य कामका लागि पनि सरकारी कार्यालय वा बैंकसम्म धाइरहनु पर्दैन यसले यातायात खर्च र समय दुवैको बचत गर्छ। घरमै बसेर किनमेल गर्ने वा काम गर्ने सुविधाले जीवनशैलीलाई थप सहज र सस्तो बनाएको छ।

सिर्जनशीलता र नवप्रवर्तन: डिजिटल उपकरणहरूले मानिसलाई आफ्नो प्रतिभा देखाउने प्लेटफर्म दिन्छन्। फोटो सम्पादन, भिडियो निर्माण, ब्लग लेखन वा ग्राफिक डिजाइनिङ जस्ता सीपहरू डिजिटल साक्षरताकै उपज हुन यसले युवाहरूलाई रचनात्मक हुन र आविष्कार गर्न प्रेरित गर्छ।

प्राविधिक प्रयोगले जीवन सहज बनाएता पनि डिजिटल साक्षरताको अभावमा वा यसको दुरुपयोगका कारण केही गम्भीर बेथि बेफाइदाहरु र जोखिमहरु पनि सिर्जना भएका छन्। सूचना प्रविधिको युगमा डिजिटल साक्षरतासँग जोडिएका मुख्य नकारात्मक पक्षहरु यसप्रकार छन्।

साइबर अपराध: डिजिटल माध्यमको प्रयोग सँगै ह्याकिङ, डाटाचोरी र अनलाइन ठगीको जोखिम निकै बढेको छ। मानिसहरुका बैंक खाता, व्यक्तिगत पहिचान र गोप्य जानकारीहरु सहज अपराधीको निसानामा पर्ने गर्दछन्।

गोपनीयताको अन्त्य: डिजिटल संसारमा हाम्रो हरेक गतिविधि ट्र्याक भइरहेको हुन्छ। सामाजिक सञ्जाल र विभिन्न एपहरुले प्रयोगकर्ताको व्यक्तिगत जानकारी संकलन गर्दछन् जसले गर्दा मानिसको निजी जीवन सुरक्षित रहन गाह्रो भएको छ।

भ्रामक समाचार र गलत सूचना: इन्टरनेटमा सही सूचना सँगै गलत र भ्रामक समाचारहरू निकै छिटो फैलिरहेछन्। यसले समाजमा भ्रम सृजना गर्ने, साम्प्रदायिक द्वन्द्व भड्काउने र मानिसहरुको निर्णय क्षमतामा गलत प्रभाव पार्ने गर्दछ।

डिजिटल लत: स्मार्टफोन र इन्टरनेटको अत्याधिक प्रयोगले मानिसहरुमा लत बसिसकेको छ। विशेषगरी युवा पुस्ताहरु सामाजिक सञ्जाल र अनलाइन गेममा घण्टौं समय खर्चिरहेछन् जसले गर्दा उनीहरुको सिर्जनशीलता र समयको बर्बादी भइरहेको छ।

स्वास्थ्य समस्याहरू: लामो समयसम्म स्क्रिनमा हेर्दा आँखा कमजोर हुने, टाउको दुख्ने र मोटोपना जस्ता शारीरिक समस्या देखिएका छन्। साथै निद्रा नलाग्ने, तनाव बढ्ने र मानसिक चिन्ता जस्ता मनोवैज्ञानिक असरहरू पनि देखा परेका छन्।

सामाजिक एक्लोपन: मानिसहरू अनलाइनमा हजारौँ साथीहरूसँग जोडिए पनि वास्तविक जीवनमा एक्लिँदै गएका छन्। परिवारका सदस्यहरूसँग हुँदा पनि मोबाइलमै व्यस्त हुनाले आपसी सम्बन्धमा चिसोपन आउने र सामाजिक घुलमिल कम हुने गरेको छ।

साइबर बुलिङ: अनलाइन माध्यमबाट कसैलाई जिस्क्याउने धम्काउने, अपमान गर्ने वा चरित्रहत्या गर्ने कार्यहरू बढ्दो छ। यसले पीडित व्यक्तिमा गम्भीर मानसिक आघात र कहिलेकाहीँ आत्मघाती कदमसम्म पुर्‍याउने जोखिम छ।

डिजिटल विभाजन: प्रविधिमा पहुँच भएका र नभएका मानिसहरूबीचको खाडल झन् बढ्दै गएको छ। यसले गर्दा प्रविधि नजान्ने आर्थिक रूपमा कमजोर व्यक्तिहरू अवसरबाट वञ्चित भई समाजमा असमानता सिर्जना भएको छ।

रोजगारीमा संकट: स्वचालित मेसिन र सफ्टवेयरको बढ्दो प्रयोगका कारण धेरै परम्परागत कामहरू हराउँदै गएका छन्। प्रविधिसँग अपडेट हुन नसक्ने मानिसहरूले रोजगारी गुमाउने जोखिम सधैँ रहिरहन्छ।

नक्कली पहिचान र सम्बन्ध: डिजिटल संसारमा मानिसहरूले सजिलै नक्कली पहिचान बनाएर अरूलाई धोका दिन सक्छन्। यसले गर्दा अनलाइनमा गासिएका सम्बन्धहरू भरपर्दो हुँदैनन्।

जसले गर्दा धेरै मानिसहरू भावनात्मक र आर्थिक रूपमा ठगिने गर्छन।

सिर्जनशीलतामा ह्रास: अचेल सानो भन्दा सानो समस्याको समाधान वा गृहकार्यका लागि पनि मानिसहरू सिधै गुगल वा 'ए आई' को भर पर्छन। जसले गर्दा मानिसको आफ्नो सोच्ने, विश्लेषण गर्ने र मौलिक सिर्जना गर्ने क्षमता बिस्तारै कमजोर हुँदै गएको छ।

खर्चमा वृद्धि: डिजिटल साक्षरता र प्रविधिसँग जोडिन महँगा स्मार्टफोन, कम्प्युटर र उच्च गतिको इन्टरनेटको आवश्यकता पर्छ। सफ्टवेयर अपडेट, डाटा प्याक र ग्याजेट मर्मतमा हुने खर्चले न्युन आय भएका परिवारलाई आर्थिक भार थप्ने गर्छ।

सांस्कृतिक विचलन: डिजिटल माध्यमबाट विश्वव्यापी संस्कृति छिटो फैलिने हुँदा स्थानीय भाषा, भेषभुषा र मौलिक परम्पराहरू हराउँदै गएका छन। युवा पुस्तामा आफ्नो मौलिक संस्कृति भन्दा पश्चिमी वा विदेशी संस्कृतिको अन्धो सिको गर्ने प्रवृत्ति बढेको छ।

बौद्धिक चोरी: इन्टरनेटमा सामग्रीहरू सजिलै उपलब्ध हुने भएकाले अरुको लेख, रचना वा कलालाई अनुमति बिना नै कपी ~~पेस्ट~~ गरेर आफ्नो नाममा चलाउने प्रवृत्ति निकै बढेको छ। यसले वास्तविक सृजकको मनोबल गिराउने काम गर्छ।

विज्ञापन र उपभोक्तावादको दबाब: डिजिटल प्लेटफर्महरूले प्रयोगकर्ताको रुचि अनुसारका विज्ञापनहरू निरन्तर देखाई

रहन्छन् यसले गर्दा मानिसहरूमा अनावश्यक वस्तुहरू खरिद गर्ने इच्छा जाग्छ र अनावश्यक खर्च बढ्दै उपभोक्तावादी सोच हावी हुन पुग्छ।

यी बेफाइदाहरू अभाव नकारात्मक प्रभावहरू प्रविधिका कारण भन्दा पनि यसको असुरक्षित र अविवेकी प्रयोगका कारण सिर्जना हुँन यदि हामीले डिजिटल सुरक्षा र डिजिटल नैतिकतालाई पालना गर्यौं भने यी समस्या तथा बेफाइदाहरू बाट अलग रहन्छौं।

वर्तमान समयमा समाजमा विभिन्न किसिमका घटनाहरू घटीरहेका छन् त्यस्ता समस्यालाई समाधान गर्न नेपाल सरकारले विभिन्न किसीमका नीतिहरू जस्तै: विद्युतीय कारोबार ऐन २०६३, मुलुकी अपराध संहिता २०७४, व्यक्तिगत गोपनीयता ऐन २०७८, Copyright Act 2002, Nepal Police अन्तर्गत Syber Bureau अवलम्बन गरेको छ। यी नीतिहरू बारे सूचना प्राप्त गर्न र सदुपयोग गर्न डिजिटल साक्षरता आवश्यक पर्दछ र नेपाल सरकारले साइबर सुरक्षा नीति २०८० पनि ल्याएको छ। तर अझै पनि हुर्दै बलियो साइबर कानुन आवश्यक रहेको छ र प्रत्यक व्यक्तिले प्रविधि हाम्रो दास हो मालिक होइन भन्ने कुरालाई आत्मसाथ गर्दै यी कानुनलाई प्रभावकारी रूपमा कार्यान्वयन गर्न जरुरी छ।

नेपालमा डिजिटल साक्षरता विस्तार गर्न पूर्वाधार विकास सस्तो सुलभ इन्टरनेट पहुँच, विद्यालय स्तरबाटै पाठ्यक्रममा समावेश, स्थानीय भाषामा सामग्री उत्पादन तथा व्यापक जनचेतना कार्यक्रम आवश्यक छन्। यदि चुनौतीहरूको समाधान गर्दै अघि बढेमा मात्र डिजिटल नेपाल निर्माणको लक्ष्य हासिल गर्न सकिन्छ।

नेपालको १६औं योजनाले लिएको ८० प्रतिशत इन्टरनेट पहुँचको लक्ष्य डिजिटल नेपाल निर्माण तर्फको महत्वपूर्ण कदम हो। तर यसलाई सार्थक बनाउन डिजिटल साक्षरता अनिवार्य शर्तको रूपमा उभिन्छ। इन्टरनेट पहुँच र डिजिटल साक्षरता एक अर्काका पुरक भएकाले यी दुवैलाई सँगसँगै विकास गर्न सकेमा मात्र समावेशी, सशक्त र ज्ञानमा आधारित समाज निर्माण सम्भव हुन्छ।

अन्तमा,

सूचना प्रविधिको युगमा डिजिटल साक्षरता प्रत्येक व्यक्तिको आधारभुत आवश्यकता हो। त्यसैले यसको आवश्यकता, महत्व, फाईदा, बेफाइदा, चुनौती समाधानका उपायहरू नीतिगत व्यवस्थालाई मध्यनजर गर्दै सुरक्षित र प्रभावकारी तरिकाले उपयोग गर्न सकेमा विद्युतीय सुशासन कायम हुने देखिन्छ।